म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ८५ २०८० माघ २९ गते सोमबार 12 February 2024, Monday - पृष्ठ ४ मूल्य रु. ५/-






## भ्रष्टाचार सुक्ष्मताबाट स्थुलतातिर लम्कियो: प्रदेश प्रमुख शर्मा



समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशका प्रदेश प्रमुख यादव चन्द्र शर्माले भ्रष्टाचार सुक्ष्मताबाट स्थुलतातिर लम्किएको बताउनु भएको छ । आइतबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३३ औँ स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले पछिल्लो समय नेपालमा भ्रष्टाचार बढ्दै गएको बताउनुभयो । अख्तियार दुरुपयोगको पुस्तकका पानाहरु बढ्दै गएकोले दुखको विषय भएको बताउनुभयो । भ्रष्टाचार आज मात्र नभई पहिलेबाटै भएकोले तत्कालै भ्रष्टाचार अन्त्य गर्न नसकिने भनेर आत्तिन नहुने बताउनुभयो। हिजोको दिनमा भ्रष्टाचार हुँदा सरकारको खाए तेरो खाको हो र भन्ने समयमा पछिल्लो समय प्रजातन्त्र पश्चात जनताले सरकारको पैसा जनताको नै भन्ने बुझेको धारणा राख्नुभयो। भ्रष्टाचारले सामाजिक, न्यायिक, राष्ट्रिय प्रक्रियाको सिलसिलेबार प्रक्रियालाई समापन गर्दै राष्ट्र र जनता बीचको मर्यादा समाप्त पार्ने उहाँको भनाइ छ । भ्रष्टाचारको फाईल बढ्दै गएकोले यस कार्यालयले नियन्त्रणको काम गर्दै आएको बताउनुभयो ।

यस्तै कार्यक्रममा बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारले भ्रष्टाचारले राज्यको कार्यव्यस्था नै सुक्ष्म बनाउने बताउनुभयो। पछिल्लो सयमय राज्यको कार्यव्यवस्था सञ्चालनमा ढिलाई, काममा अवरोध सिर्जना, जनतालाई निराश बनाउने र जनताको चाहना सम्बोधन गर्न नसक्ने भएकाले सरकारप्रति वितृष्णा बढ्ने कार्य भएको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेको आवश्यकता भनेको हामीले मूल्य स्थापित गर्ने हो, मान्यता स्थापित गर्ने हो । सबै कानुनले मात्र सम्बोधन गर्न सक्दैन। सबै कानुन एकैपटक स्थापित हुन सक्दैन । कानुन निर्माण नहुँदा पनि परिवेश निर्माण गरेर अगाडि बढ्ने भएकाले बागमती प्रदेश सरकार सहकार्य साथ अगाडि बढ्न तयार छ।" जनताको अपेक्षा सम्बोधन गर्न सबै संस्थालाई उहाँले आग्रह समेत गर्नुभयो। जनताको अपेक्षा आर्थिक परिवर्तन, राजनैतिक परिवर्तन र समृद्धिबाट हुने धारणा राख्नुभयो। संघीयता कार्यान्वयनमा कानुनलाई छरितो ढङ्गले निर्माणको चरणमा रहेको बताउनुभयो ।

कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौँडाका प्रमुख उमाकान्त आचार्यले नेपाल विश्वमा भ्रष्टाचार गर्ने देशको १०८ औं स्थानमा रहेको उल्लेख गर्दै भ्रष्टाचार बढ्दै गएको बताउनुभयो। पछिल्लो समय भ्रष्टाचारका मुद्दा बढ्दै गएकोले आयोगमा दैनिक ९० वटाको संख्यामा उजुरी पर्न थालेको समेत जानकारी गराउनुभयो । उहाँले देशमा सुशासनको अवस्थामा अपेक्षित सुधार हुन नसकेको गुनासो व्याप्त रहेको पनि उल्लेख गर्नुभयो । तीनै तहका सरकारमा हुने विकास निर्माण, बजेट विनियोजन, अनुदान वितरण, सेवा प्रवाहजस्ता काममा सार्वजनिक सम्पत्तिको हानी/नोक्सानी गर्ने, घुस र रिसवत लेनदेन गर्ने, गैरकानुनी लाभ लिने, बदनियत राखेर काम गर्ने र गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी उजुरी उल्लेख्य सङ्ख्यामा आयोगमा पर्ने गरेको उहाँको भनाई छ । भ्रष्टाचारविरुद्ध आयोग मात्रै नभएको भन्दै सबैको सहयोगको खाँचो रहेको पनि बताउनुभयो ।

कार्यक्रममा शाखा अधिकृत राजन रायलाई उत्कृष्ट कार्यसम्पादन गरेको भन्दै नगद २० हजार रुपैयाँसहित सम्मान गरिएको छ । कार्यक्रममा आयोगले गरेको कार्यक्रमको पुरस्कार समेत वितरण गरेको छ । आयोगले स्थापना दिवसको अवसर पारेर "भ्रष्टाचार नियन्त्रण सुशासनमा प्रवर्धन" शीर्षकमा निबन्ध लेखन प्रतियोगिता भएको थियो । प्रतियोगितामा एक सय ९१ जना विद्यार्थीहरुले सहभागिता जनाएका थिए । प्रतियोगितामा प्रथम श्री फुल्पिङकोट माध्यामिक विद्यालय सिन्धुपाल्चोककी राधिका विश्वकर्मा, द्वितीय रोजवर्ड मावि काठमाडौंकी समज्ञा सापकोटा र तृतीय वाल्मिकी शिक्षा सदन मावि चितवनकी प्रार्थना बेलवासे हुनुभएको थियो । प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः १५ हजार, १२ हजार र १० हजार नगदसहित प्रमाणपत्र गरेका थिए । सोही अवसरमा कार्यालयले फुटसल, व्याडमिन्टन, चेस र टेबुलटेनिस प्रतियोगिता गरी विजेताहरुलाई पुरस्कृत समेत गरेको थियो ।

कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्री डा. राजेन्द्रमान श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, हेटौँडा उपमहानगर पालिका नगर प्रमुख मीना कुमारी लामा, उपप्रमुख राजेश बानीयाँ, प्रदेश प्रहरी प्रमुख विष्णु कुमार केसी लगायत, विभिन्न कार्यालयका कर्मचारीहरुको आतिथ्य रहेको थियो ।

## बागमती गोल्डकपमा १० टिम, विजेताले १० लाख पाउने



समाज संवाददाता

झुरझुरे (बागमती): पूर्वी मकवानपुरको बागमती गाउँपालिकामा मंगलबारदेखि सुरु हुने छैठौं संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगितामा सहभागी हुने टोलिको टुंगो लागेको छ । आइतबार पत्रकार सम्मेलनको आयोजना गर्दै आयोजक बागमती खेलकुद विकास समितिले खेल तालिका सार्वजनिक गर्दै प्रतियोगिता खेल्ने टिमको टुंगो लागेको जनाएको छ ।

प्रतियोगिताबारे जानकारी गराउनुहुँदै बागमती गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष टिकालाल श्रेष्ठले प्रतियोगितामा १० टिमको सहभागिता रहने जानकारी दिनुभयो । आयोजक बागमती खेलकुद विकास समितिसहित तीन मोफसल र ७ वटा ए डिभिजन क्लबले प्रतियोगितामा सहभागिता जनाउने उहाँले बताउनुभयो । प्रतियोगितामा विभागीय टोलीहरु सशस्त्र प्रहरी बलको नेपाल एपीएफ, त्रिभुवन आर्मी क्लब, ए डिभिजन क्लबहरु जावलाखेल युथ क्लब, मच्छिन्द्र फुटबल क्लब, न्युरोड टिम (एनअरटी), हिमालयन शेर्पा क्लब र चर्च ब्वाइज युनाइटेड सहभागी हुनेछन्। यस्तै मोफसल टोलीहरु आयोजक बागमती खेलकुद विकास समिति, बारा जिल्लाको नवजनजागृति युवा क्लब सिमरा र सर्लाहीको बागमती युथ क्लब सहभागी हुनेछन्। प्रतियोगिताको उद्घाटन खेलमा मंगलबार बागमती युथ क्लब र मच्छिन्द्र क्लबबिच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा साविक विजेता र उपविजेता टिम भने सहभागी नहुने भएको छ । पाँचौं संस्करणको विजेता विदेशी टोलि एफसी भुटनिज र ए डिभिजन क्लब संकटा प्रतियोगितामा सहभागी नहुने भएको हो। आयोजकले छैठौं संस्करणको प्रतियोगितामा सहभागी हुनका लागि खबर गरेपनि दुई टोली सहभागी नभएको अध्यक्ष श्रेष्ठले बताउनुभयो । यस्तै गाउँपालिका खेलकुद विकास समितिका सदस्य सचिव प्रमोद राईले पालिकाले यस पटक गोल्डकपको राशी पनि वृद्धि गरेको बताउनुभयो । यस संस्करणको विजेताले १० लाख रुपैयाँ र उपविजेताले ५ लाख रुपैयाँ प्राप्त गर्ने उहाँले बताउनुभयो । गत संस्करणमा विजेताले ८ लाख रुपैयाँ प्राप्त गरेको थियो ।

नकआउट प्रणालीमा हुने प्रतियोगिताको फाइनल खेल फागुन १० गते हुनेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ प्राप्त गर्नेछ भने विधागत उत्कृष्ट खेलाडीले जनही २५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । पत्रकार सम्मेलनमा अखिल नेपाल फुटबल संघका केन्द्रीय सदस्य एवम् फुटबल संघ मकवानपुरका अध्यक्ष टीका लामा, वरिष्ठ उपाध्यक्ष अरुण बल र बागमती-४ का वडाध्यक्ष दन्तलाल माझी लगायतको उपस्थिति रहेको थियो ।








# सम्पादकीय

## मर्यादित भ्यालेन्टाइन डे

विशेषगरी किशोरकिशोरीमा केही दिनदेखि भ्यालेन्टाइन डेको चर्चा चलिरहेको छ । हरेक वर्ष १४ फेब्रुअरीका दिन विश्वभर भ्यालेन्टाइन डे अर्थात् प्रणय (प्रेम) दिवस मनाइने गरिन्छ । करिब ३ दशकबाट नेपालमा यो दिवस मनाउने प्रचलन सुरु भएको पाइन्छ । तर, पछिल्ला वर्षहरुमा यसले व्यापकता पाउँदै गएको छ । यसलाई सप्ताहव्यापी उत्सवको रुपमा पनि मनाउने गरिएको छ । फेब्रुअरी ७ बाट सुरु हुने भ्यालेन्टाइन डे सप्ताह १४ फेब्रुअरीसम्म मनाइन्छ । भ्यालेन्टाइन सप्ताहको पहिलो दिन फेब्रुअरी ७ लाई "रोज डे" को रुपमा मनाइन्छ । यस दिन आफ्नो प्रिय व्यक्तिलाई रातो गुलाफको फूल उपहार प्रदान गरेर एक अर्काप्रतिको सम्मान र माया दर्शाउने गरिन्छ । भ्यालेन्टाइन सप्ताहअन्तर्गत् फेब्रुअरी ८ मा "प्रपोज डे", फेब्रुअरी ९ मा "चकलेट डे", फेब्रुअरी १० मा "टेडी डे", फेब्रुअरी ११ मा "प्रमिस डे", फेब्रुअरी १२ मा "हग डे", फेब्रुअरी १३ मा "किस डे", फेब्रुअरी १४ मा "भ्यालेन्टाइन डे" पर्छ ।

तेस्रो शताब्दीको अन्त्यतिर रोमन सम्राटले सेन्ट भ्यालेन्टाइनलाई आफ्नो आदेश नमानेको निहुँमा १४ फेब्रुअरीका दिन मृत्युदण्ड दिएको सम्झनामा यो दिवस मनाउन थालेको मानिन्छ । तत्कालीन रोमन सम्राट क्लाउडियस द्वितीयलाई आफ्ना सैनिकहरु प्रेम र विवाहमा लागे भने सैनिक सेवा प्रभावित हुन्छ भन्ने डर थियो । त्यसैले आफ्नो राज्यमा प्रेम गर्न निषेध गरेका थिए । सोही राज्यका पादरी भ्यालेन्टाइनले सम्राटको निर्णयलाई मानेनन् । अनुशासनको दायराभित्र हुने प्रेम र आकर्षणमा ईश्वर पनि खुसी हुन्छन् भन्दै भ्यालेन्टाइनले युवायुवतीलाई प्रेम गर्न प्रेरित गर्दै सामूहिक विवाहको कार्यक्रम गरेका थिए । आफ्नो आदेशको उल्लंघन भएको भन्दै सम्राटले उनलाई मृत्युदण्ड दिएको दिनलाई प्रणय दिवसको रुपमा मनाउने चलन सुरु भएको मानिन्छ । यो दिवस पादरी सेन्ट भ्यालेन्टाइनको बलिदानीसँग सम्बन्धित भए पनि अहिले यसको प्रभाव विश्वव्यापी बनेको छ ।


प्रेमी भ्यालेन्टाइनको सम्झनामा विश्वका करोडौं प्रेमीप्रेमिकाले प्रणय दिवसका रुपमा मनाउने यस दिवसले नेपाली युवायुवतीमा व्यापक जरो गाड्दै गइरहेको देखिन्छ । आजभोलि गाउँ, शहर जताततै भ्यालेन्टाइन डेको चर्चा हुने गरेको छ । विशेषगरी शहरीया युवा तथा किशोरकिशोरीमा भ्यालेन्टाइन डेको निक्कै प्रभाव परेको छ । भ्यालेन्टाइन डेको प्रभाव केही वर्षयतादेखि हाम्रो समाजका विवाहित जोडी र प्रौढहरुमा पनि देखिन थालेको छ । भ्यालेन्टाइन डे मनाउने परिपाटीले देश र संस्कृतिको सीमा नाघ्दै नेपाली युवामाझ लोकप्रियता पाएको छ । प्रेमीप्रेमिकाबीच विभिन्न उपहार आदानप्रदान गर्नुका साथै प्रेमको पहिलो प्रस्ताव राख्ने उपयुक्त अवसरका रुपमा यस दिनलाई लिन थालिएको छ । प्रेमको नयाँ सुरुआतमा रहेकाहरुले भ्यालेन्टाइन सप्ताहलाई चुकाउन नहुने महत्वपूर्ण अवसरको रुपमा मान्न थालेका छन् । यस दिवसले सच्चा प्रेमको महत्व दर्शाउने अधिकांशको बुझाइ भए पनि अचेल प्रेमलाई अस्थायी रोमान्स ठान्ने जमात बढिरहेको छ । प्रेममा प्रतिबद्धता र गन्तव्य निर्धारण नगरी अघि बढ्ने किशोरकिशोरी तथा युवायुवतीहरु बढ्दै गएका कारण समाज विकृत बन्नसक्ने आशंका गर्नेहरु थुप्रै छन् ।

पछिल्लो समय विवाहित तथा अविवाहित जोडीहरुबीच प्रेम सम्बन्धलाई प्रगाढ बनाउने गतिलो माध्यम भ्यालेन्टाइन डे बन्दै आएको छ । यो नेपाली मौलिक संस्कृति नभई आयातित संस्कृति भएकाले धेरैले यसको बिरोध गर्ने गरेका छन् । युवापुस्तामा यसले लोकप्रियता पाउँदै गएको भए पनि नेपाली समाजले अझै यस्ता संस्कृतिलाई स्वीकार गर्न सक्ने अवस्था छैन । अरु समाजमा चलेका राम्रा संस्कारहरुलाई आत्मसात् गर्ने समाजको प्रगति हुन्छ । यसकारण भ्यालेन्टाइन डेको राम्रो संस्कृतिलाई आत्मसात् गर्नु अन्यथा हुँदैन । कानुनी सीमा र नैतिक मर्यादाभित्र रहेर प्रणय दिवस मनाउनुलाई सकारात्मक मान्न सकिन्छ । तर, भ्यालेन्टाइन डेको नाममा अहिले नेपाली समाज र यहाँका किशोरकिशोरीमा देखिएको छाडापन र विकृतिले नेपाली संस्कृतिमाथि प्रहार गर्नुका साथै विकृति बढाउने सम्भावनालाई नकार्न सकिँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय ठिकै रहने योग छ ।
**वृष** : सामाजिक उत्तरदायित्व बढ्ने समय योग छ ।
**मिथुन** : आँखा चिम्लेर विश्वास नगर्दा राम्रो रहन्छ ।
**कर्कट** : मिष्ठान्न भोजनको प्राप्ति हुने समय छ ।
**सिंह** : स्वास्थ्य क्षेत्रबाट लाभ प्राप्त हुने समय ।
**कन्या** : कुनै विषयमा पुरस्कार समेत हात पर्नेछ ।
**तुला** : आफन्तसँग नम्र व्यवहार गर्दा राम्रो रहन्छ ।
**वृश्चिक** : अध्ययन–अध्यापनका काममा सरिक भइने छ ।
**धनु** : काम देखाएर उपलब्धी हात पर्ने छ ।
**मकर** : मिहिनेतले अवसर प्राप्त हुने समय योग छ ।
**कुम्भ** : सहयोग माग्ने प्रति सद्भाव बढ्ने योग छ ।
**मीन** : वैकल्पिक मार्गका विषयमा चिन्तन बढ्न समय छ ।

# स्वाभिमानी शिक्षक डेन्टी जंग शाह



देवप्रसाद श्रेष्ठ



मकवानपुर जिल्लाको शिक्षा क्षेत्रमा डेन्टी जंग शाहको योगदान ठुलो छ । राजा महेन्द्रका मुख्य चौतरीया भएर अन्तरजातीय केटीसँग प्रेम भएको र उहाँको पिताजीको तिब्र बिरोधका कारण प्रेमिकालाई लिएर घरबाट कसैलाई थाहा नदिई निस्कनु भयो । हेटौंडा आइपुगेपछि पान्तलेतिर पुग्नु भयो । त्यो रात उहाँ एउटा रुखको छहारीमा बिताउनु भयो । त्यतिबेला उहाँसँग सीमित मात्र पैसा थियो। भोलिपल्ट हेटौंडा बजार पुगेर कामको खोजीमा स्कुलमा पुग्नु भएर सोधी-खोजी गरेपछि तात्कालिन समयका विद्यालयका भद्र सचिव मालपोत कार्यालयका मुखिया गंगा दाससँग कुराकानीपछि विद्यालयमा अंग्रेजी पढाउने शिक्षक अभाव भएको बेला उहाँलाई रु ८० मासिक बेतन पाउने गरी शिक्षक पदमा नियुक्ति दिनुभयो ।

प्रारम्भिक अवस्थामा बजारदेखि अलि पर पिप्लेमा सानो छाप्रोमा निर्बाह गर्न थाल्नुभयो । राजदरबारसँग नजिकको सम्बन्ध भएका शक्तिशाली र कडा स्वभावका उहाँका पिताजीले अन्तरजातीय बिबाह गरेका प्रेमिकाबाट छुटाउन निकै दबाब र वडा हाकिमसम्मको जागीर दिन प्रलोभन दिए पनि उहाँले टेर्नु भएन । बरु शिक्षण पेसा नै रोजेर दुखलाई निरन्तरता दिनुभयो । म हलमा जीवन निर्वाह गरेका शाहजीले छाप्रोको जीवन आर्थिक अभावको सामना गरेरै बालबालिकाहरुसँग रमाउनु भयो । केहि समयको अन्तरालमा उहाँलाई पुत्रलाभ भयो । यसलाई सामना गर्न साँझ बिहान ट्युशन पढाउन थाल्नु भयो । शाहजीका आमा बितिसक्नु भएको थियो। उहाँका ठुली आमा, जसको बिबाह भएको थिएन, उहाँलाई पनिसँगै राख्नु भयो । बाल बच्चाहरु थपिँदै गयो ।

उहाँले आफु सुत्ने टाँड मुनी कुखुरा पनि पाल्नु भयो । यसरी संघर्स गर्दै बालबच्चाहरु हुर्काउँदै शिक्षण पेसालाई निरन्तरता दिनु भयो । भर्खरै विकास हुँदै गरेको हेटौंडामा विद्यालयका बालबालिकाहरुसँग दुई चार रुपैयाँ शुल्क लिनु बाहेक अरु कुनै आर्थिक श्रोत थिएन । थोरै बेतन पाउन पनि महिनौ कुर्नुपर्ने बाध्यता थियो । त्यस माथि शिक्षकहरुलाई हेर्ने दृष्टिकोण सकारात्मक थिएन । चिसापानीका किसान आन्दोलन चर्कँदै गएको र प्रशासन र पञ्चहरुको दबाब बढ्दै गएको थियो। तर शिक्षकहरुमा गहिरो मित्रता थियो ।

यसैबीचमा डेन्टी जंग सर बी एडको तालिममा काठमाडौं जानुभयो । साथीहरूको सहयोगमा डेरामा बसेर तालिम लिइरहेकै क्रममा उहाँलाई मेरुदण्डमा टिबी रोग लाग्यो । साथीभाइ र सबैको सहयोगमा छ महिना बेड रेस्टपछि रोग निको भयो । त्यसपश्चात तालिम पनि पूरा गर्नुभयो। हेटौंडा फर्केपछि पुनः पढाउन थाल्नु भयो । उहाँले आफ्ना पिताजीबाट बेला बेलामा दबाब र प्रलोभन आएपनि हेटौंडा छोड्न चाहेन । पैत्रिक सम्पतिको पनि वास्ता गर्नुभएन ।

उहाँका आमाका दाजुहरुले पनि पिताजी विरुद्ध अंश मुद्दा लड्न उक्साउँदा पनि उहाँले चाहनु भएन । शिक्षक पदमै रहँदै उहाँले पाँच छोरा र पाँच छोरी हुर्काउनु भयो । पाँच छोरा मध्ये एउटा छोरा शेषजंग शाहको पानीमा डुबेर असामयिक निधन भएको थियो । उहाँले शेषजंगको नाममा साहित्य संगम मकवानपुरमा एउटा पुरस्कारको पनि व्यवस्था गर्नु भएको छ । एउटा छोरा सानैमा निमोनियाले गुमाउनु पर्‍यो । यसरी बाल बच्चाहरु हुर्काउँदै पढाउँदै संघर्ष गर्दै स्वाभिमान र आत्मसम्मानलाई जोगाउँदै सबैका प्रिय शिक्षकको रुपमा भुटनदेवी माविको प्रधानाध्यापक पदमा २०३३ सम्म र आधुनिक राष्ट्रिय माविमा २०४५ सम्म तत्पश्चात् भुटनदेवी माविमा नै कार्यरत रही २०५६ सालसम्म कार्यरत रही निवृत हुनुभयो । राजाका मुख्य चौतारीयाका कान्छा छोरा, ठुला घर परिवारमा जन्मेर पनि अन्तरजातीय बिबाहका कारण आफ्नो नैतिकताका कारण तत्कालिन समयमा वडा हाकिम र प्रमुख जिल्ला अधिकारी जस्तो शक्तिशाली र ठूलो पदको आश्वासन आफ्ना पिताजीबाट पाए पनि सबै प्रलोभनलाई तिलाञ्जली गरी ठूली आमा र श्रीमतीसँग पिप्लेको सानो फुसको छाप्रोमा जीवन निर्वाह गर्दै दुख-सुखमा पनि बालबालिकासँग रमाउन थाल्नुभयो । पछि बजारमा सर्नुभयो । यस्तो दुखको अवस्थामा पनि उहाँले अंश पैत्रिक सम्पतिको दावी गर्नु भएन । बरु दुखमै रमाउनु भयो । उहाँको झुकाव गरिब, दुखी र शोषणको बिरोधी हुनाका साथै प्रगतिशील पक्षको सदैव समर्थनमा थियो । उहाँ कुशल प्रशासक र सबैका प्रिय शिक्षक हुनुहुन्थ्यो ।

शिक्षकहरुलाई पनि अरु कर्मचारीसरह सेवा सुविधा पाउनुपर्ने माग राखेर शिक्षक संगठनमा संगठित हुनुभई थुप्रै पटक प्रहरी हिरासतमा र एक महिना बीरगंज जेलमा जेलजीवन पनि बिताउनु भयो । उहाँ मकवानपुर जिल्लाको पहिलो शिक्षक संगठनका अध्यक्ष हुनु हुन्थ्यो । तात्कालिन समयको सगंठन सबै शिक्षकहरुको साझा संगठन थियो। उहाँको त्याग, तपस्या र लगनशीलतालाई कदर गर्दै उहाँलाई २०४२ सालमा अभिभावक शिक्षक र विद्यार्थीहरुले भव्य अभिनन्दन गरी नगरपरिक्रमा गराएको थियो । उहाँले आफ्ना सबैलाई राम्रो शिक्षा दिई समाजमा मर्यादित पेशामा लगाउनु भएको छ । जीवनको उत्तरार्धमा प्रधानाध्यापक जस्तो गरिमामय पदमा बसेर काम गरे तापनि एकातिर पार्टीको झोले बन्नुपर्ने अर्कोतिर पुराना मण्डलेहरुको पनि दबाब सहनुपर्ने कारणले उहाँ केही समय बिचलित र निराश पनि हुनुभयो ।

सिधा-साधा र आफ्नो काममा र आस्थामा स्वाभिमानपूर्वक लागी पर्ने व्यक्तिहरुलाई संस्कार नभएका ठूला-वडा भनाउँदाहरुको बीचमा टिक्न गाह्रो हुन्छ । पछिल्लो समय उहाँ पार्किन्सन रोगका कारण खुट्टा कमजोर भई राम्रोसँग हिँड्-डुल गर्न गाह्रो परेको थियो । सादा जीवन, कठिन संघर्षकासाथ सबैका प्रिय शिक्षककारुपमा चिनिनु भएका डेन्टी जंग सरको यहि २०८० साल माघ १६ गते बिहान निवृत हुन बाथरुम पस्दा लड्नुभयो। त्यहीँ बेहोस हुनु भएपछि अस्पताल लगिएको थियो । उहाँको हृदयघातका कारण निधन भयो । उहाँको देहावसानमा मकवानपुरको शिक्षा क्षेत्रमा उहाँका समकालीन बीच सन्नाटा छाएको छ। मकवानपुरमा उहाँको योगदान प्रशंसनीय छ । उहाँ मेरो गुरुका साथै सहयात्री मित्र पनि हुनुहुन्थ्यो । उहाँको निधनको खबरले अत्यन्त मर्माहत भएको छु। शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना र सहानुभूति प्रकट गर्दै आदरणीय डेन्टी जंग सरप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

# भाषाको करामत !



अमृता लम्साल

भाषा मान्छे मात्रै होइन, कुनै पनि जीवजन्तुको लागि समेत एकअर्कासँग सञ्चार गर्ने एउटा महत्वपूर्ण माध्यम हो । यसमा दुईमत छैन; हुनुहुँदैन । हामी बाँचेको समयमा कुनै बेला सायद, सान गरेरै पनि सञ्चार आदानप्रदान हुन्थ्यो होला ! तर, अहिले एउटा भाषा जानेर मात्र पनि हुँदैन ।

कुनै बेला थियो, यही समाजमा घर बाहिर काम गर्न खोज्दा, गैर-सरकारी क्षेत्रहरूमा हाम्रो मातृभाषा भन्दा अंग्रेजी जान्नेलाई बढी महत्व दिइन्थ्यो । कतिपय समय त ती अंग्रेजीबाजहरूले, हामी नेपालीमा बोल्ने/लेख्नेहरूले मिहिनेत गरेर लेखेको सामग्रीहरू समेत आफैंले लेखेको जस्तो गरेर, विना क्रेडिट चलाउन धक या लाज पटक्कै मान्दैनथे । बरु उल्टै, नेपाली बोल्ने, लेख्नेहरूलाई अंग्रेजी नजान्नु ठूलै कसुर हो जस्तो बनाइदिन्थे ।

विश्वव्यापीकरणको यो समयमा, मातृभाषा र अंग्रेजी मात्रै जानेर पनि नपुग्ने भइसक्यो । यहाँ त्यस्तै अनुभव लेख्न गइरहेछु ।

केही वर्ष अगाडि, केही समयको लागि मेरो बसाइ अमेरिका थियो । अमेरिकामा पनि टेक्सस; जहाँ मेक्सिकनहरूको जनसंख्या धेरै थियो । मेक्सिकन र हामी साउथ एशियनहरूको अनुहारको बनोटमा धेरै मेल खान्छ । त्यसको परिणाम, हामी जस्ताले धेरै भोग्नुपर्छ । कारण, मेक्सिकनहरूको मनोविज्ञान कस्तो देखिने भने, मेक्सिकोबाट आएर अमेरिकन भइसकेको जस्तो व्यवहार गर्ने, आफ्नो भाषा नबोल्ने भनेर उनीहरू रिसाउने ।

"आब्ला स्प्यानोल ?" (तिमी स्प्यानिश बोल्छ्यौ?) उनीहरू सोद्धथे ।

"नो, आब्लो नो स्प्यानोल !" (अहँ, म स्प्यानिश बोल्दिनँ !) मेरो जवाफ हुन्थ्यो । "पोर्के?" (किन ?) शरीरको भाषा र अनुहारको भावभंगिमाले बताउँथ्यो, प्रश्नकर्ता मेरो जवाफ पाएर खुशी छैन । दिनको नभए पनि हप्ताको धेरै पटक सवाल-जवाफ गरिने प्रश्न र उत्तर यस्तै हुन्थ्यो ।

भाषाको कारणले वाक्क भएर स्प्यानिश सिक्छु भनेर 'स्प्यानिश फर डमी' भन्ने किताब पनि किनेर ल्याएँ; तर कहाँ सजिलो हुन्थ्यो र ! किताब किन्ने पैसा मात्रै खेर गयो । त्यतिबेला नेपालमा हुँदा अंग्रेजी भटभटाउन नसकेर ठाउँ कुठाउँमा बाईकट भइन्थ्यो ! अंग्रेजको देशमा गएर स्प्यानिश बोल्न नसकेकोमा दिमाग तताउनुपर्थ्यो । त्यहाँ बस्ने मेक्सिकनहरू बीसौं वर्ष बसे पनि अंग्रेजी बोल्न नजान्ने; तर पनि मजाले काम गरेर बस्न सक्ने ।

धेरै पटक त "आब्लो स्प्यानोल ?" लाई हँस्यौलीमा उडाउँथें, अनि कहिलेकाहीं अति भएपछि प्रतिकार गर्दै खनिन्थें, "म स्प्यानिश बोल्दिनँ, किन बोल्ने यहाँ स्प्यानिश ? यो मेक्सिको हो र ?" तर आफूलाई थाहा छ, "यो मेक्सीको हो र ?" भन्ने प्रश्न अहिलेको समयमा "पोलिटिकल्ली करेक्ट" होइन । किनकि, स्प्यानिश भाषा युरोप, दक्षिण अमेरिका, उत्तर अमेरिका, सेन्ट्रल अमेरिका र अफ्रिकाका केही देशहरु समेत गरी थूप्रै राष्ट्रमा बोलिन्छन् । त्यसैले पनि होला, स्प्यानिश बोल्ने मानिसहरु अमेरिका भित्रेपछि पनि यहाँ पनि सबैले स्प्यानिश जानेकै हुन्छन् भन्ने भ्रममा पर्छन् कि ?

स्प्यानिश नजानेकै कारणले कहिलेकाहीं रमाइला घटनाहरु पनि घटेका छन् भने कहिले अनावश्यक रूपमै अर्काको रिस खप्नु परेको घटनाहरू पनि थिए । यसैमध्ये रमाइलो घटनाको वर्णन गर्न मन लाग्यो । एक दिन ब्लकबष्टरमा डिभिडी लिने लाइनमा खडा थिएँ, लाइन धेरै लामो थियो । काउन्टरमा पुगेपछि, त्यहाँ काम गर्ने व्यक्तिले बड-बड-बड गर्दै झन्डै दुई मिनेटसम्म सासै नफेरी के के भन्यो; मैले केही प्रतिक्रिया नजनाई उसको मुखमा ट्वाल्ल परेर हेरिरहें ।

उसको कुरा सिद्धिएपछि मैले अंग्रेजीमा भट्याएँ, "म स्प्यानिश बुझ्दिनँ !" मेरो जवाफ सुनेर, मेरो पछाडि लाइनमा खडा भएकाहरु गलल्ल हाँस्न थाले ! त्यो देखेर त्यो स्प्यानिश भट्याउने कामदारको गाला लाजले पाकेको आलुबखडा जस्तो भयो । अनि उसले मलाई "सरी" भन्यो; म "केही छैन" भन्दै बाटो लागें। जन्मले नै दिएको कालो कपाल, गहुँगोरो वर्ण अनि मेक्सिकनहरुको जस्तो शारीरिक बनोट (उनीहरुकै बयानमा) यसैले गर्दा नै, कसैलाई "हेलो" भन्यो भने "ओला !" भन्ने जवाफ पाइन्थ्यो; "थ्यान्क यु" भन्यो भने "दिनारा !" भनेर जान्थे ।

यो भाषाको दबाब नेपालमा पनि कन्भेन्ट पढ्नेहरुसँग काम गर्दा उत्तिकै हुन्थ्यो । आफू परियो, सात कक्षासम्मको पढाइ बाबुले नै घरमा पढाएर एकैपटक आठ कक्षामा स्कुल भर्ना भएर जम्माजम्मी तीन वर्ष मात्रै स्कुल पढेको मान्छे ! तर भिड्नुपर्ने अंग्रेजी स्कुलमा पढेका र विदेशबाट पढेर आएकाहरुसँग !

अनि कामको प्रकृति पनि त्यस्तै थियो, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरुले पनि हामी जस्ता कनिकुथी अंग्रेजी बोल्नेहरुलाई उतिबेला मान्छे नै नगन्ने ! उनीहरुलाई त खररर अंग्रेजी बोल्ने मान्छे चाहिने ! कसरी मिलोस् र कुरा ? अहिले फेरि उल्टो भएको छ, कहिलेकाहीं त लाग्थ्यो; "आब्ला नो स्प्यानोल !" भन्ने ठूलो प्लेट छातीमा झुन्ड्याएर हिंड्ने हो कि भनेर ! कहिलेकाहीं भने, स्प्यानिश बोल्न जानेको भए परेको बेला अरुलाई मद्दत गर्न सकिन्थ्यो भन्ने पनि लाग्थ्यो ।

जस्तो कि, आफूले हप्ताको एकदिन स्वयंसेवा गर्न जाने अस्पताल जहाँको झन्डै नब्बे प्रतिशत व्यक्तिहरू नै अंग्रेजी मात्रै बोल्थे; त्यहाँ एक दिन एउटा बिरामीको कोठामा एउटा मान्छे आफूलाई कुरेर बसेको देखें, किन रहेछ भनेर बुझ्न जाँदा उसको प्रश्न आयो, "क्यान यु इन्टरप्रेट

....बाँकी पृष्ठ ३ मा

# विभिन्न घटनामा चार जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको तीन जिल्लामा विभिन्न घटनामा चार जनाको मृत्यु भएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाका अनुसार धादिङमा दुई, सिन्धुली र चितवनमा एक-एक गरी चार जनाको मृत्यु भएको हो ।

शनिबार धादिङको गजुरी गाउँपालिका-४, गैरीगाउँमा एकजना मृत फेला परेका छन् । मृत फेला पर्नेमा सोही ठाउँका ७६ वर्षीय श्रीकृष्ण तामाङ रहेको प्रहरीले जनाएको छ । तामाङ आफ्नो घरबाट २ किलोमिटर पश्चिममा रहेको अजेरी जङ्गलमा मृत फेला परेको प्रहरी जनाएको छ । यस्तै शनिबार नै धादिङको निलकण्ठ नगरपालिका-८, साधुटार दोभानमा आराले काट्दा एकजनाको मृत्यु भएको छ । शनिबार दिउँसो १२ बजेर ५५ मिनेटमा सामुदायिक वनको रुख लाईनबाट चल्ने हाते आराले काट्ने क्रममा




सोही ठाउँका ३८ वर्षीय राज कुमार श्रेष्ठको मृत्यु भएको हो । आराले बायाँ छातिको भागमा काट्दा श्रेष्ठ गम्भीर घाइते भएका थिए । घाइते श्रेष्ठलाई उपचारका लागि जिल्ला अस्पताल धादिङमा लगिएकोमा दिउँसो २ बजेर ५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै सिन्धुली जिल्लाको कमलामाई नगरपालिका-६, निवुवाटारमा एकजनाको मृत्यु भएको छ । शनिबार बिहान १० बजेर ३० मिनेटको समयमा कमलामाई नगरपालिका-२ घर भई हाल ६ नम्बर वडास्थित रातामाटामा डेरा गरी बस्ने ३६ वर्षीय अशोक वाईबाको मृत्यु भएको हो । वाईबालाई छाती दुखेपछि उपचारका लागि जिल्ला अस्पताल सिन्धुली लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो । मृतक वाईबाका आफन्तहरुले अस्पतालको लापरवाहीले मृत्यु भएको आरोप लगाएका छन् । मृतक वाईबाको शव शनिबार दिउँसो २ बजेर ३० मिनेटको समयमा बुवाले बुझी लगेको जनाएको छ ।

यस्तै चितवनको भरतपुर महानगर पालिका-१० मा एकजना मृत अवस्थामा फेला परेका छन् । मागी खाएर हिँड्ने पहिचान नखुलेको करिब ३० वर्षीय पुरुष मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । मृतक पुरुषको शव पोष्टमार्टमका लागि जिल्ला अस्पतालमा राखिएको छ ।

## भाषाको...

फर हिम ?" (उसको लागि भाषा उल्था गर्ने काम गरिदिन सक्छौ ?) मैले सोधें, "कुन भाषा ?" उसको जवाफ थियो, "उ अंग्रेजीको एउटै शब्द पनि जान्दैन, त्यसैले स्प्यानिशबाट अंग्रेजीमा उल्था गर्नु पर्‍यो !"

ए बाबा, कति मात्रै ? कहाँ मात्रै बयान दिंदै हिंडु "म स्प्यानिश बोल्दिनँ" भनेर ! त्यसो भन्यो भने पनि सुझाव आउँथ्यो, "धेरै भाषा जानेको राम्रै हो नि! तिमी किन स्प्यानिश सिक्दिनौ ?" भनेर ! म जवाफ दिन्थें, मलाई अंग्रेजी बाहेक नेपाली र हिन्दी पनि बोल्न आउँछ, मैले फेरि अर्को भाषा किन सिक्नुपर्ने ?" तर मनमा भने लाग्छ, अर्काको भाषा सिक्न त्यति सजिलो हुनेभए त स्प्यानिश मात्रै किन, संसारका थुप्रै भाषाहरु सिकिसक्थें ! तर के गर्नु "बुढो सुगा" लाई "गोपीकृष्ण कहो!" सिकाउन त्यति सजिलो हुने भएको भए त्यो उखान नै बन्दैनथ्यो होला !

ती सबै केही वर्ष अगाडिको कुरा भयो । अहिले फेरि, अर्को भाषाको मारमा पर्ने गरेकी छु । डेढ महिना अगाडि, स्वयम्भूको ठाडो भऱ्याङ चढेर मन्दिर पुग्ने बेलामा, त्यहाँको पैसा लिने काउन्टरको मान्छेले, 'ओ, हेलो !' भनेर बोलाए । मसँग भएका अरूहरू माथि पुगिसकेका थिए, मैले फर्किएर हेरें । त्यो बोलाउने व्यक्तिले मलाई विदेशी ठानेर पैसा तिर्न बोलाएका रहेछन् ।

त्यो त लौ झुक्किए भन्नु । केही समय अगाडि, एउटा निजी अस्पतालमा झनै रमाइलो घटना घटेको थियो । जचाउन गएको, विभिन्न परीक्षणको क्रममा नर्सले मसँग अंग्रेजीमा बोलेको बोल्यै गरिन् । मलाई अचम्म त लाग्यो तर केही नभनी मैले पनि अंग्रेजीमै जवाफ दिइरहें । इसीजी गर्ने बेलामा डक्टरले सोधेको कुरा मैले नेपालीमा भनें । डक्टरले आश्चर्य मान्दै, 'ल' तपाईं त नेपाली बोल्नुहुँदोरहेछ !' भने । मैले, किन र ? भनेर सोध्दा उनीहरूले मलाई जोर्डनियन भन्ठानेको रे ! अनुहार हेरेर व्यवहार गर्नेहरूको भीडमा जहिले पनि स्पष्टीकरण दिनुपर्ने कस्तो अनुहार बोकेर जन्मिएछु ! कमसेकम मेरो नाम पढेर त त्यसरी नसोच्नुपर्ने !

कुनैबेला ट्याक्सी ड्राइभरले समेत, 'दिदी त कति राम्रो नेपाली बोल्नुहुँदोरहेछ !' भनेका छन् । म केही हप्ता अगाडि, बसन्तपुरमा कसैलाई कुरेर बसिरहेकी थिएँ, 'आर यु अर्जेन्टेनियन ?' भन्दै पछि लाग्न आइसकेका थिए । यस्ता अनुभव थुप्रै छन् ।

कहिले त भाषा नजानेको कारणले पछाडि परिन्छ/पारिन्छ; तर, भाषा सिक्न त्यति सजिलो पनि त हुँदैन ! आजको पुस्ताले, आफ्नो पेशागत जीवनलाई खँदिलो बनाउने हो भने, अंग्रेजी बाहेक पनि अर्को कुनै भाषा स्प्यानिश, चाइनिज, फ्रेन्चमध्ये एक सिक्न सक्यो भने आफैंलाई सजिलो हुनेछ । *(स्रोतः अनलाईनखबर)*

# शिक्षा विकासद्वारा अभिभावकलाई सम्मान




*अभिभावकलाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा-३, बसामाडीस्थित शिक्षा विकास शिशु सदनले २८औं अभिभावक दिवसमा अभिभावकलाई सम्मान गरेको छ । शिक्षा विकास शिशु सदनकी संस्थापक प्रिन्सिपल ग्रेस श्रेष्ठको अध्यक्षता तथा हेटौँडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालयका अभिभावक अञ्जली रुम्बा र राजन श्रेष्ठलाई सम्मान गरिएको हो । विद्यार्थीले उचित शैक्षिक वातावरण प्राप्त गर्न अभिभावकको साथ र सहयोग आवश्यक भएकोले अभिभावकलाई सहयोगी बन्न प्रेरित गर्ने गरी सम्मान गरिएको प्रिन्सीपल श्रेष्ठले बताउनुभएको छ ।

आगामी वर्ष कक्षागतरुपमा नै अभिभावकलाई सम्मान गर्ने प्रिन्सीपल श्रेष्ठले प्रतिवद्धता व्यक्त गर्नुभएको छ । कार्यक्रममा विद्यार्थीले नृत्य, गायन, नाट्य तथा वाद्यवादन कला प्रस्तुत गरेका थिए । अभिभावक दिवसलाई सम्बोधन गर्नुहुँदै हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले आजका बालबालिकाका भोलिको दिनमा असल र अब्बल नागरिक बन्नुपर्ने बताउनुभयो । नगरप्रमुख लामाले अभिभावकलाई आफ्ना बाबुनानीसँग सँगै रहन, खेल्न, रमाउन आग्रह गर्नुभयो । बालबालिकालाई सकारात्मक काममा क्रियाशील हुन प्रेरित गर्न आग्रह गर्नुभएकी नगरप्रमुख लामाले अभिभावकलाई आफ्ना बाबुनानीलाई गलत संगत र कुलतबाट बचाउन अपील गर्नुभयो ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुरका अध्यक्ष विनोद सुवेदीले स्कूले विद्यार्थी नै विद्युतीय भेप (धुम्रपान) को कुलतमा रहेको भन्दै अभिभावकलाई आफ्ना बाबुनानीलाई त्यस्तो कुलतमा पर्न नदिन सचेत गराउनुभयो । घरको संस्कारले बालबालिकाको शिक्षामा महत्वपूर्ण प्रभाव पार्ने भएकोले अभिभावकले असल संस्कार र संगतमा लगाउन ध्यान दिनुपर्ने सुवेदीको भनाइ थियो । शिक्षा विकास शिशु सदनले १० जना चेपाङ विद्यार्थीलाई पूर्ण छात्रवृत्तिमा पढाइरहेको, १० जना चेपाङ विद्यार्थीलाई ५० प्रतिशत छात्रवृत्ति उपलब्ध गराइरहेको संस्थापक प्रिन्सीपल श्रेष्ठले जानकारी दिनुभयो । कार्यक्रममा ३ नम्बर वडा अध्यक्ष ढलक बहादुर थापा, हेटौँडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाका अधिकृत राजमणि अधिकारी, प्याब्सन मकवानपुरकी उपाध्यक्ष लक्ष्मी श्रेष्ठ, प्याब्सन हेटौँडा उपमहानगर समितिका सचिव श्यामकुमार बानियाँको पनि आतिथ्य रहेको थियो ।

### सच्याइएको


मिति २०८० साल माघ २७ गते शनिबारको समृद्ध समाज दैनिकको पृष्ठ ४ मा प्रकाशित समाचारमा पातञ्जल योग समिति हुनुपर्नेमा असावधानीबस अन्यथा भएकोले सच्याइएको छ ।

**सम्पादक ।**

### मोटरसाइकल हराएको सूचना


**मिति २०८० साल माघ २७ गतेका दिन हेटौंडा–२, निवासी जयराम दाहालको नेचुरल हब्स ट्रेडर्सको नाममा रहेको बा.प्र. ०३–००४ प ७०० नम्बरको कालो र रातो रङ्गको २२० सिसिको पल्सर मोटरसाइकल (चयाचिस नम्बर** MD2A13EX6MCk80790, **इन्जिन नम्बर** DKXCMk53517) **हेटौंडा–५, सिँचाई टोल स्थित सडकमा राती ९:२५ बजेको समयमा पार्किङ्ग गरी राखेको अवस्थामा हराएको हुँदा कहिंकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन यो सूचना प्रकाशित** गरिन्छ । **सम्पर्कः ९८५५०३१४९९**

# बालजागृतिका विद्यार्थीको आवाज





**अनुष्का कुशवाह**
**कक्षा-५**





**श्रेयशी गौतम**
**कक्षा-५**

## आमा



**आदर्श बोम्जन**

मेरी प्यारी आमाले राख्नु भो कोखमा
बचाउनु भो मलाई सय थरी रोगमा
आफु भोकै बसी खुवाउनु भो मलाई
चाहिने सबै कुरा दिनु भो मलाई ।

साथ दिनुभो मेरो हरेक साथमा
सम्झाउनु भो मलाई राखेर आफ्नो काँधमा
आमा नै हो भगवान आमा नै हो गुरु
मेरो जीवन खुल्यो आमाबाट सुरु ।

आमा नै हो साथी
म भन्दा माथि
आमाले नै पढाउनु भो
आमाले नै बढाउनु भो ।।

*कक्षा-५*

## पानी



**आयुसी बजगाई**

पानी पऱ्यो झमझम
भिज्यो हाम्रो नाना
हिउँ पऱ्यो फुसफुस
रहर लाग्यो खेल्न जान ।

पहाडको टुप्पोमा
त्यो के रहेछ
हिरा जस्तै टल्किने
हिउँ पो भएछ ।

अग्ला अग्ला चुचुरामा
स्रेतो स्रेतो दाना
मलाई पनि रहर लाग्यो
त्यसलाई हेर्न जान ।

अग्ला अग्ला सेतो हिमाल
हाम्रो देशको शान
हामीले नि राख्नु पर्छ
हाम्रो देशको मान ।।

*कक्षा-५*

## साथी



**बिमन बराल**

मलाई प्यारो लाग्छ मेरो साथी
मलाई विश्वास छ उ माथी
जुन बेला हामीसँगै थियौँ
जुन बेला हामीसगै खेल्यौँ ।

न थियो भबिष्यको चिन्ता
न थियो पढाईको चिन्ता
साथी नजिक हुँदा मनमा लाग्छ आनन्द
म रिसाएको बेला फकाउन जान्छन् ।

आमा बुबा पछिको नाता हो साथी
जस्ले गर्छ विश्वास म माथि
हाँसो र मनोरञ्जनको छैन कुनै सिमा
हामी सबै मिली खेल्यौ बले सिमा ।

आँगनको सबैले भन्छन् हामी साथी कस्तो
आकाशमा भएको जुन तारा जस्तो
नत कसैलाई राम्रो भन्छन्
नत कसैलाई नराम्रो भन्छन् ।

सँगै उठ्ने सँगै सुत्ने साथी थियौ हामी
सबैलाई सहयोग गर्ने साथी थियौ हामी
आश छ मलाई हाम्रो मित्रता यसरी नै कायम् रहोस्
हामी जस्तो मित्रता दुखमा पनि रहोस् ।।

*कक्षा-५*

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



## विद्यालयस्तरीय क्रिकेट प्रतियोगिता

# आइतबारको खेलमा भानु माविर सिद्धार्थ शिशु सदन विजयी

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हुप्रचौरमा जारी स्वर्गीय निरज श्रेष्ठ स्मृति दोस्रो विद्यालयस्तरीय क्रिकेट प्रतियोगिताअन्तर्गत् आइतबारको पहिलो खेलमा मकवानपुरगढी गाउँपालिकाको भानु माध्यमिक विद्यालयले हेटौंडा-२ स्थित ज्ञानोदय बालबाटिका बोर्डिङलाई २७ रनले पराजित गर्दै विजयी भएको हो ।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको भानु माध्यमिक विद्यालयले निर्धारित १५ ओभरमा ८ विकेट गुमाएर ज्ञानोदय बालबाटिकालाई १ सय १८ रन बनाउने लक्ष्य दिएको थियो । भानु माविबाट प्रकाश लमाले सर्वाधिक ५२ रन बनाउँदै अर्धशतक प्रहार गरेका थिए । कमल पराजुलीले १२ रन जोडेका थिए । रोय चौधरी र विनम्र अधिकारीले समान ११-११ रन बनाएका हुन् । ज्ञानोदयबाट मिथिलेश गुप्ता र मनिष श्रेष्ठले समान २-२ विकेट लिएका थिए ।

जवाफी ब्याटिङ गरेको ज्ञानोदयले ११ ओभर ४ बलमा १० विकेटको क्षतिमा ९३ रनमात्र जोड्न सफल भएको छ । ज्ञानोदयका मिथिलेश गुप्ताले २८ रन जोड्न सफल भएका छन् । नासिर हुसेनले १९ रन र राज जैशवालले १५ रन जोडेका हुन् ।

भानु माविको तर्फबाट सुमन घिमिरे र विनम्र अधिकारीले समान २-२ विकेट लिएका हुन् । २ खेले खेलेको भानु माविले १ खेलमा जित निकाल्दै २ अंक जोडेको छ समान २ खेल खेलेको ज्ञानोदय २ वटै खेलमा हार व्यहोर्दै अंकविहीन रहेको छ । खेलको म्यान अफ द म्याच प्रकाश लामा भएका छन् ।

आइतबारको दोस्रो खेलमा हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदन १० विकेटले विजयी भएको छ । टस जितेर पहिले ब्याटिङ गरेको हेटौंडा-५ स्थित जेनिथ इन्टरनेशनल बोर्डिङले १३ ओभरमा १० विकेटको क्षतिमा ३७ रन बनाएको थियो । जेनिथ बोर्डिङबाट विधान माझीले ७ रन जोडेका थिए ।

सिदार्थ शिशु सदनका कार्तिक गिरी र सुलभ झाले समान ३-३ विकेट लिएका हुन् । जवाफी ब्याटिङमा उत्रिएको सिद्धार्थले २ ओभर २ बलमा कुनैपनि विकेट नगुमाइकन जेनिथले दिएको लक्ष्यलाई भेट्टायो । यो जितसँगै सिद्धार्थले ४ अंक जोडेको छ भने जेनिथले २ खेलमध्ये १ जित निकाल्दै २ अंक जोडेको छ । खेलको म्यान अफ द म्याच रितिक गिरी भएका छन् ।

आइतबारै भएको अन्तिम खेलमा हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीले कमाने एकेडेमीलाई ६२ रनले पराजित गरेको छ । टस जितेर पहिले ब्याटिङ गरेको हेटौंडा एकेडेमीले निर्धारित १५ ओभरमा ४ विकेटको क्षतिमा १ सय ४० रन जोडेको थियो । हेटौंडा एकेडेमीबाट सौरव चौधरीले सर्वाधिक ४९ रन बनाएका थिए । लालबाबु अलीले २९ रन बनाएका हुन् । क्रिस ठकुरीले २७ रन र आदित्य यादवले १० रन जोड्न सफल भएका हुन् । कमाने एकेडेमीबाट उत्सव सापकोट, सिजन थापा र जोशन मगरले समान १-१ विकेट लिएका हुन् ।

हेटौंडा एकेडेमीले दिएको १ सय ४० रनको लक्ष्य पच्छ्याएको कमाने एकेडेमीले निर्धारित १५ ओभरमा ६ विकेट गुमाएर ७८ रनमात्र जोड्न सफल भएको थियो । हेटौंडा एकेडेमीबाट एमडीले २ विकेट लिएको थियो । आदित्य यादव, इसान्तले समान १- १ विकेट मात्र लिएका हुन् । खेलको म्यान अफ द म्यान सौरव चौधरी घोषित भएका छन् ।

मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगितामा १३ वटा विद्यालयको सहभागिता रहेको प्रतियोगिता संयोजक संजोक पोखरेलले जानकारी दिनुभएको । प्रतियोगिताको उपाधि विजेता टिमले ४० हजार रुपैयाँ र उपविजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन् । यस्तै, प्रतियोगिताको प्रत्येक खेलको म्यान अफ द म्यान हुने खेलाडीहरुका लागि हेटौंडा-१० स्थित रोड हाउस रेष्टुरेन्ट र हेटौंडा-४ स्थित क्वीक २० होटेलले खाजाको प्रायोजन गरेको प्रतियोगिताका संयोजक पोखरेलले बताउनुभयो । प्रतियोगिता आयोजनाका लागि विभिन्न निकायहरुबाट सहयोग प्राप्त भएको छ ।

# ७२ जनाद्वारा रक्तदान




समाज संवाददाता

हेटौंडाः शनिबार र आइतबार हेटौंडाका तीन स्थानमा रक्तदान कार्यक्रम भएको छ । तीन स्थानमा भएको कार्यक्रममा ७२ जनाले रक्तदान गरेका छन् ।

हेटौंडा उपमहानगरपालिकाको वार्षिकोत्सवको अवसरमा आइतबार उपमहानगरपालिकाको कार्यालय परिसरमै भएको कार्यक्रममा ३० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंक दहालले जानकारी दिनुभयो । हेटौंडा उपमहानगरपालिकाको ५५ औं वार्षिकोत्सवको अवसरमा हेटौंडा उपमहानगरपालिकाले कार्यक्रम आयोजना गरेको हो । रक्तदान गर्नेमा ४ जना महिला र २६ जना पुरुष रहेका छन् । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्य रहेको दाहालले जानकारी दिनुभयो ।

शनिबार हेटौंडाका दुई स्थानमा रक्तदान कार्यक्रम भएको थियो । हेटौंडा-१० स्थित बुद्धचोकमा भएको कार्यक्रममा २६ जनाले रक्तदान गरे । मुस्लिम इत्तेहादको ५ नम्बर वडा कमिटीको आयोजनामा भएको कार्यक्रममा ३ जना महिला र २३ जना पुरुषले रक्तदान गरेका थिए । कार्यक्रममा नेकपा एमाले मकवानपुरका अध्यक्ष प्रमुख एका लाल श्रेष्ठको प्रमुख आतिथ्य रहेको थियो । त्यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले शनिबार ३३ औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम गरिएको थियो । रक्तदान कार्यक्रममा १६ जनाले रक्तदान गरेका थिए ।


# हार्दिक बधाई



**प्रथमः** १०० मि दौड छात्र, २०० मि दौड छात्र, छात्रा सट्पुट, छात्र सट्पुट, भलिबल, फुटबल, क्रीकेट ।
**द्वितीयः** २०० मि दौड छात्र, २०० मि दौड छात्रा, छात्र लङजम्प, छात्रा ट्रिपल जम्प, छात्रा सट्पुट द्वितीय
**तृतीयः** छात्र सट्पुट

हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयद्वारा आयोजित वडास्तरीय प्रथम वृहत् खेलकुद प्रतियोगितामा सहभागी आधुनिक राष्ट्रिय माविका विद्यार्थीले ७ स्वर्णसहित ३० अंकका साथ पहिलो हुन सफल भएकोमा खेलाडी विद्यार्थीहरु, खेल शिक्षक, लगायत सम्पूर्णमा हार्दिक बधाई ज्ञापन गर्दै आगामी दिनमा पनि शिक्षा र खेलकुदमा निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछौं ।

रामसागर गुरागाई
प्रधानाध्यापक

मोहम्मद समीम
अध्यक्ष, वि.व्य.स.

आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय परिवार
हेटौंडा-४, मकवानपुर


# प्रदेशस्तरीय जुनियर तेक्वान्दोमा हेटौंडालाई ५ वटा पदक

समाज संवाददाता

हेटौंडाः चौथो संस्करणको बागमती प्रदेशस्तरीय जुनियर आमन्त्रण तेक्वान्दो प्रतियोगितामा हेटौंडा उपमहानगर पालिकाले ५ वटा पदक प्राप्त गरेको छ । जैसीदेवल युथ क्लबको आयोजनामा काठमाडौंमा शनिबार सम्पन्न प्रतियोगितामा १ स्वर्ण, २ रजत र २ वटा कास्य पदक हासिल गर्दै हेटौंडाले ५ वटा पदक प्राप्त गर्न सफल भएको हो ।

हेटौंडा उपमहानगरपालिकाबाट सहभागी भएका २० जना खेलाडीमध्ये २३ देखि २६ केजी तौल समूहबाट कृशिका क्षेत्री प्रथम भएकी छिन् । यस्तै ३२ देखि ३५ केजी तौल समूहमा माधुरी र अनिशा विक द्वितीय हुँदा २६ देखि २९ केजी तौल समूहमा शीतल बर्तौला र २८ देखि ३१ केजी तौल समूहमा कृष थिङ तृतीय भएका छन् ।

प्रतियोगितामा बागमती प्रदेशका १९ वटा पालिकाहरुबाट करिब ५ सय जनाभन्दा बढी खेलाडीको सहभागिता रहेको थियो । हेटौंडाबाट सहभागी भएका खेलाडीहरुको प्रतिनिधित्व गर्न टिम कोचको रुपमा तेक्वान्दो कार्यसमितिका सचिव विक्रम लामिछाने र टिम म्यानेजरको रुपमा कोषाध्यक्ष रवीन डंगोल जानुभएको थियो । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीले स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गरेका छन् ।

हेटौंडा उपमहानगरपालिकाभित्रका खेलाडीहरुबीच प्रतिस्पर्धा गराई प्रत्येक तौल समूहमा प्रथम हुने खेलाडीहरुलाई छनोट गरेर प्रतियोगितामा सहभागी गराइएको सचिव लामिछानेले बताउनुभयो । हेटौंडाबाट सहभागी भएका खेलाडीहरुको खर्चका लागि पालिकाले ५ लाख रुपैयाँ छुट्याएको थियो ।

प्रतियोगितामा पुरुषतर्फ २५ देखि २८ केजी तौल समूह, २८ देखि ३१ केजी तौल समूह, ३१ देखि ३४ केजी तौल समूह, ३४ देखि ३८ केजी तौल समूह, ३८ देखि ४२ केजी तौल समूह, ४२ देखि ४६ केजी तौल समूह, ४६ देखि ५० केजी तौल समूह र ५० देखि ५४ केजी तौल समूहका खेलाडीहरुबीच प्रतिस्पर्धा भएको छ । महिलातर्फ २३ देखि २६, २६ देखि २९, २९ देखि ३२, ३२ देखि ३५, ३५ देखि ३८, ३८ देखि ४२, ४२ देखि ४६ र ४६ देखि ५० केजी तौल समूहका खेलाडीबीच प्रतिस्पर्धा भएको थियो । जैसीदेवल युथ क्लबका अध्यक्ष राजेश प्रजापतिको सभाध्यक्ष तथा काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरको प्रमुख आतिथ्यमा पुरस्कार वितरण भएको थियो ।

# लागुऔषधसहित २ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा-१६, हटियाका २२ वर्षीय अन्जन खड्का र बकैया गाउँपालिका-३ का २१ वर्षीय कुशल खड्का रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

शनिबार राति ११ बजेर ५० मिनेटको समयमा हेटौंडा-१६ स्थित हटियाबाट उनीहरुलाई लागुऔषधसहित प्रहरीले पक्राउ गरेको हो । शनिबार अस्थायी प्रहरी पोष्ट हटियाबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले अन्जनको साथबाट लागुऔषध ट्रामाडोल १० ट्याबलेट र कुशलको साथबाट लागुऔषध २० ग्राम र एनटी कप एक ट्याब्लेट बरामद गरेको छ । पक्राउ परेका दुबै जनालाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा राखिएको छ ।


हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म


सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७







समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ